नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

# विज्ञप्ति

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (ट) बमोजिम विपद् वा सशस्त्र द्वन्द्वका कारण बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा स्वयम् शारीरिक तथा मानसिक रूपमा घाइते वा अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिएको छ।

भोटेकोशी/त्रिशूली बाढीबाट प्रभावित बालबालिकामध्ये उल्लिखित अवस्थाका बालबालिकाको पहिचान गरी आवश्यक संरक्षण तथा सेवा उपलब्ध गराउन राष्ट्रिय बाल अधिकार परिषद्ले **"भोटेकोशी बाढी प्रभावित बालबालिकाको संरक्षण तथा व्यवस्थापन सहजीकरण कार्ययोजना, २०८३"** कार्यान्वयन गरी सहजीकरण टोली परिचालन गरिएको छ। हाल रसुवा र नुवाकोट जिल्लाका बाढी प्रभावित स्थानीय तहहरुमा परिषद्को नेतृत्वमा खटिएका टोलीद्वारा होल्डिङ सेन्टर र समुदायमा गई स्थलगत रूपमा प्रभावित बालबालिकाको अवस्था पहिचान, विस्तृत लेखाजोखा तथा आवश्यक संरक्षण सेवाका लागि सहजीकरण कार्य भइरहेको छ।

यसैगरी, बाढी प्रभावित सङ्कटग्रस्त क्षेत्रबाट काठमाडौंका विभिन्न गुम्बा लगायतमा आएका बाढी प्रभावित बालबालिकाको अवस्थासमेत पहिचान गर्न परिषद्कै नेतृत्वमा छुट्टै सहजीकरण टोली गठन गरी उनीहरूको पारिवारिक तथा मनोसामाजिक अवस्था र विशेष संरक्षणको आवश्यकता भए/नभएको सम्बन्धमा विस्तृत लेखाजोख एवम् आवश्यक सहजीकरणको कार्य भइरहेको छ। बाढीका कारण परिवार तथा संरक्षकविहीन भएका, परिवारबाट छुट्टिएका वा आफन्तको संरक्षणमा रहेका बालबालिकालाई कुनै समस्या भएको वा जोखिममा रहेको देखिएमा सम्बन्धित जिल्लामा परिचालित सहजीकरण टोलीसँग तत्काल सम्पर्क गर्न परिषद् अनुरोध गर्दछ।

राष्ट्रिय बाल अधिकार परिषद्ले बाढी प्रभावित बालबालिकाको पारिवारिक सुरक्षा र संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै कुनै पनि बालबालिकालाई परिवार तथा राज्यको संरक्षणबाट वञ्चित हुन नदिनका लागि सम्बन्धित स्थानीय तह, बाल कल्याण अधिकारी, स्थानीय प्रशासन, सुरक्षा निकाय तथा बाल अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थासँग समेत आवश्यक समन्वय, सहजीकरण र सहकार्य भइरहेको छ। काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत बाढी प्रभावित बालबालिका तथा उनीहरूका अभिभावकलाई आवास तथा खानपिनको समस्या भएमा अस्थायी संरक्षण केन्द्रमार्फत आवश्यक व्यवस्था गर्न सकिने भएकाले अस्थायी संरक्षण सेवा केन्द्र, ठेचो, ललितपुरमा सम्पर्क गर्न सकिनेछ।



फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

CamScanner

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

विशेष संरक्षणको आवश्यकता भई उद्धार तथा स्थानान्तरण गरी ल्याइएका बालबालिकाका लागि आवास, खानपान, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, परिवार खोजी तथा परिवार पुनर्मिलन लगायतका सेवा उपलब्ध गराउने तथा बालबालिकाको दीर्घकालीन संरक्षणको आवश्यकता पहिचान गरी उपयुक्त व्यवस्था गर्न ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. १२, ठेचोमा अस्थायी संरक्षण सेवा केन्द्र स्थापना गरी सञ्चालनमा आएको छ।

बाढी प्रभावित बालबालिकाको अवस्था तथा संरक्षण सम्बन्धी कुनै जानकारी भएमा वा तत्काल सहयोग आवश्यक परेमा यस परिषद्का देहायका कर्मचारीहरुलाई सम्पर्क गर्न सम्बन्धित सबैमा अनुरोध छ।

<u>सहजीकरणका लागि सम्पर्क कर्मचारीहरू:</u>

१. अस्थायी संरक्षण सेवा केन्द्र, ठेचो केन्द्र प्रमुखः आशिष आचार्य- ९८४९१७१७८१
२. काठमाडौं उपत्यका सहजीकरण टोली प्रमुखः सुनीता शाह- ९८५१२१४७३८
३. नुवाकोट जिल्ला सहजीकरण टोली प्रमुखः धिरज प्रसाई- ९८६१३३३४०६
४. रसुवा जिल्ला सहजीकरण टोली प्रमुखः मन बहादुर थापा- ९८४१६७९२८४
५. राष्ट्रिय बाल अधिकार परिषद्, सूचना अधिकारीः रामबहादुर चन्द- ९८४१३८६८७१

२०८३/०५/२९

२९ भदौ २०८३
नेपाल सम्वत् ११४६

रामबहादुर चन्द
सूचना अधिकारी

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"

फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

CamScanner